

# अध्याय २: अब्राहाम


मूर्तिहरू साँच्चै परमेश्वर होइनन् भनेर विश्वास गर्ने अब्राहाम नामका मानिस थिए । उनलाई परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र मूर्तिहरूबाट पुजिनुहुन्न भन्ने थाहा थियो ।
परमेश्वरले अब्राहामलाई यसो भन्नुभयो, “अब्राहाम, यो मूर्तिपूजा हुने देश छोडिदे । तेरो परिवार, तेरो देश छोड र म तँलाई कहाँ जानुपर्ने हो, देखाउनेछु । म तँलाई ठूलो जातिको पिता बनाउनेछु । तँलाई आशिष् दिनेलाई म आशिष् दिनेछु र तँलाई श्राप दिनेलाई म श्राप दिनेछु । तँमा नै पृथ्वीका सारा जातिले आशिष् पाउनेछन् ।”
के अब्राहाम नै पाप र मृत्यु नास गर्ने प्रतिज्ञा गरिएका पुत्र हुन सक्छन् ?
अन्दाजी १९२१ इ.पू.
अब्राहामलाई आफूले सुनेको आवाज परमेश्वरको हो भन्ने थाहा थियो । त्यसकारण उनले कहाँ जाँदै छु भन्ने नजाने पनि पालन गरे । उनलाई मूर्तिहरू छोडेर परमेश्वरलाई पछ्याउँदै छु भन्ने थाहा थियो । अब्राहामको लागि त्यही नै प्रशस्त थियो । तर उनले आफ्ना भतिजा लोतलाई आफूसँगै लगे ।
अब्राहाम यात्रामा दक्षिणको कनानतिर गए । त्यहाँ परमेश्वर तिनीसँग बोल्नुभयो:
अब्राहाम, यो भूमिको एक छेउबाट अर्को छेउसम्म जा । म कनानको यो भूमि तेरा सन्तानहरूलाई दिनेछु । म तँलाई अनगिन्ती सन्तान दिनेछु । तिनीहरू पृथ्वीका धुलोसमान हुनेछन् ।
सारा, परमेश्वरले मलाई भन्नुभयो कि यतिका वर्षपछि तिमीले बच्चा पाउनेछौ ।
तपाईंलाई थाहा छ, म बाँझी छु र अब म बच्चा जन्माउन नसक्ने भइसकेको छु । म कसरी बच्चा जन्माउन सक्छु र ?
परमेश्वरले भन्नुभयो कि तिमीले पाउनेछौ ।




उत्पत्ति १५:१-६, १३-१४


सन्तानको प्रतिज्ञा
कहाँ छ ? म बुढी भइसकें । चाँडै तपाईंले पनि सन्तान जन्माउन सक्नुहुन्न । अब्राहाम, म तपाईंलाई कहिल्यै सन्तान दिन सक्दिनँ ।
यो ठाउँको चलनजस्तै मेरी दासीले मेरो लागि सन्तान जन्माउनेछ ।
अब्राहाम, हाम्रो सन्तान जन्माउने यो अन्तिम मौका हो भन्ने तपाईं देख्नुहुन्न । धेरै ढिलो हुनुअघि नै तपाईंले त्यसबाट सन्तान जन्माउनुपर्छ । यो तपाईंको सन्तान हुनेछ । यो परमेश्वरको इच्छा हो । कसरी तपाई ठूलो जातिको पिता हुने त ?
यो एउटैमात्र बाटो हो ।
अब्राहामले परमेश्वरसँग प्रार्थना गरेनन् । उनले परमेश्वरको प्रतिज्ञा बिर्सेर आफ्नी श्रीमतीको कुरा माने ।


धेरै महिनापछि
मैले अब्राहामको सन्तान जन्माउँदै छु।
अब्राहामको सन्तानको आमा भएको थाहा पाएपछि हागार घमण्डी भइन् र सारालाई हेप्न लागिन्। सारा ईर्ष्याले बेखुसी हुन थालिन्।
साराले हागारलाई गाह्रा कामहरू लगाइन् र उनीप्रति निर्दयी भइन्। परमेश्वरले कुनै मानिसका दुईटी श्रीमती भएको कहिल्यै चाहन्नुहुन्थ्यो वा दासीबाट सन्तान चाहनुहुन्नथ्यो।
जब तिमीले पानी ल्याइसक्छौ, तिमीले दाउरा पनि चिर्नुपर्छ।
हागारले भाग्ने योजना बनाइन्।
हागार साराबाट भागेर उजाडस्थानमा गइन्। जब उनी थाकिन् र अगाडि जान नसक्ने भइन्, उनी मुर्छित् भइन्। परमेश्वरले हागारलाई उनको दुःखमा देख्नुभयो र उनलाई बोलाउनुभयो।
हागार, साराकहाँ फर्केर जा र उसको अधीनमा बस्, तैँले एउटा छोरो जन्माउनेछेस् र त्यसको नाम इश्माएल राख्नेछस्, जसको अर्थ हुन्छ, परमेश्वरले सुन्नुहुन्छ।
उसका धेरै सन्तान हुनेछन्, गन्न सकिनेभन्दा बढी, इश्माएल जङ्गली मानिस हुनेछ। उसले सधैं सबैसँग झगडा गर्नेछ र सबैले ऊसँग झगडा गर्नेछन्। ऊ उसका भाइहरूको नजिक बस्नेछ।
हागार घर फर्किइन् र समय भएपछि बच्चा जन्मियो।
परमेश्वरले मलाई भन्नुभयो कि यो अब्राहामको सन्तान भएकोले धेरै जातिहरूका पिता हुनेछ।
इश्माएल सबै अरबी राष्ट्रहरूको पिता हुनेछ।

उत्पत्ति १६:४-१६




उत्पत्ति १७:१-२१, १८:१-२




उत्पत्ति १८:१०-२२


परमेश्वरले दुष्टहरूसँगै धार्मिक मानिसहरूलाई पनि नष्ट गर्नु असल होइन । सहरहरूमा ५० जना मात्रै धार्मिक मानिसहरू छन् भने के हुनेछ, के तपाईंले धार्मिक मानिसहरूलाई जोगाउन सहरलाई छोडिदिनुहुनेछ ? मलाई थाहा छ कि सबै मानिसका न्यायाधीशले जे ठीक छ, त्यही गर्नुहुनेछ ।
मैले ५० जना धर्मी भेटें भने सहरलाई छोडिदिनेछु ।
म धुलो मात्रै हुँ, परमेश्वरसँग कुरा गर्न योग्य छैन, तर ४५ जना मात्रै धर्मीहरू भए के हुनेछ, के तपाईंले ५ जना घटी हुँदा नष्ट पार्नुहुनेछ ?
४५ जना भए पनि म नष्ट गर्नेछैनँ ।
४० जना मात्रै भेटिए के हुनेछ त ?
४० जना धार्मिक भए म नष्ट गर्दिनँ ।
मसँग क्रोधित नहुनुहोस् । ३० जनामात्रै भए के हुनेछ ?
३० जना मात्रै भए पनि म नष्ट गर्दिनँ ।
२० जना मात्रै भए के हुनेछ ?
२० जना मानिसहरू त्यस सहरमा धर्मी पाइएमा म त्यो दुष्ट सहरलाई नष्ट गर्दिनँ ।
नरिसाउनुहोस् । म यो अन्तिम पटक तपाईंसँग सोध्दैछु । १० जना मानिसहरू मात्रै सहरमा धार्मिक छन् भने के हुनेछ, के तपाईंले नष्टै पार्नुहुनेछ ?
अँहँ, मैले दशजना मात्रै सहरमा धार्मिक मानिस पाएँ भने त्यसलाई नष्ट पार्नेछैनँ ।
तपाईंले १० जना भेट्नुभएन भने दया गरेर मेरो भतिज लुतलाई चेतावनी दिनुहुन्छ कि ?
हामीले आज राती उसँग भेटघाट गर्नेछौं ।
दुईजना स्वर्गदूतहरू सहरमा लोतको घरतिर गए ।
यो मैले सोचेभन्दा डरलाग्दो खराबी हो ।
मैले अहिले देखें कि किन परमेश्वरले सबैलाई नष्ट गर्न लाग्नुभएको रहेछ, केटाकेटी र जनावरहरू पनि ।
ए परदेशीहरू, तपाईंहरू आज राती सडकमा बस्न सक्नुहुन्न; त्यहाँ सुरक्षित छैन । रातको लागि मेरो घरभित्र आउनुहोस् ।
हे, तिनीहरू राम्रा छन् । हामीले तिनीहरूको बारेमा अरूलाई पनि भन्नुपर्छ ।


लोत, ती मानिसहरूलाई बाहिर पठाऊ र हामी तिनीहरूसँग सहवास गर्नेछौं ।
जानुहोस्, तपाईंले यस्तो पाप गर्न सक्नुहुन्न ।
हामी तिम्रो ढोका फोरिदिनेछौं र तिमीलाई नराम्रो गर्नेछौं, तिमी विदेशी ।
उसले आफूलाई के ठान्छ, त्यति माथिल्लो र शक्तिशाली ? साँच्चैको कपटी ।
हामीलाई तिम्री छोरी चाहिँदैन, हामीलाई ती सुन्दर मानिसहरू चाहिन्छ ।
घिनलाग्दो मान्छे ।
परमप्रभुले तिमीहरूलाई अन्धा नबनाऊन् ।
मैले देखिनँ, के भयो !
तिनीहरू कहाँ बस्छन् ?
कसले बत्ती निभायो ?
यो कस्तो शक्ति हो ?
तिमीहरूले भोलि बिहान सहर छोड्नुपर्छ । जसलाई चाहन्छौ, चेतावनी देओ । परमेश्वर धर्मी हुनुहुन्छ र यो पापलाई अझै सहनुहुन्न ।
भोलि परमेश्वरले यो ठाउँमा स्वर्गबाट आगो बर्षाउनुहुनेछ । सदोम र गमोराका हरेक मानिसहरू मर्नेछन् ।
चाँडै गर, आगो छिट्टै झर्नेछ, कोही पनि उम्कनेछैन ।
सहर जल्न थालेपछि तिमीले त्यता नहेर्नू भनी परमेश्वरले भन्नुहुन्छ ।










उत्पत्ति १९:२४-२६; लेवी १८:२२; रोमी १:२३-३२, ६:२३, ६:२३; १कोरिन्थी ६:९-११; प्रकाश २१:८




उत्पत्ति २१:१-३, ९:१४
इसाहाक नामको अर्थ हाँसो हो ।





उत्पत्ति २२:२; रोमी ५:१२


यो तीन दिनको यात्रा हो । त्यसकारण हामी एक हप्ताको लागि जाँदै छौं ।
आफ्नो ख्याल गर्नुहोला । म मेरा दुईजना मानिसहरूको लागि प्रार्थना गर्नेछु ।
बुबा, ऊ पहाड त्यहाँ छ । रात पर्नुअघि नै हामी त्यहाँ पुग्नेछौं ।
हामी त्यहाँ गएर आराधना गरेर फर्कनेछौं ।
बुबा, हामीले काठ ल्यायौं र तपाईंले वेदी पनि बनाउनुभयो, तर बलिदान खै त ?
इसाहाक, मैले तिमीलाई परमेश्वर मसँग कसरी बोल्नुभयो र तिम्री आमा र मलाई हाम्रो यो वृद्ध उमेरमा सन्तान दिनुभयो भनेको कुरा याद छ ? उहाँ मसँग फेरि बोल्नुभयो ।
यो पटक उहाँले भन्नुभयो कि मैले तिमीलाई होमबलिको रूपमा चढाउनुपर्छ ।
मलाई ? बुबा, पक्का हो ?
परमेश्वरले तपाईंलाई म ठूलो जातिको पुर्खा, तपाईंको उत्तराधिकारी र मेरो सन्तान आकाशका ताराहरूझैं हुन्छन् भन्नुभएको होइन ? म अहिले मरें भने परमेश्वरको प्रतिज्ञा के हुनेछ ?
म मरें भने यो कसरी हुन सक्छ त ?
मैले परमेश्वरले आफूले गरेको प्रतिज्ञा पूरा गर्नुहुनेछ भन्ने सिकेको छु । उहाँले तिमी ठूलो जातिको पिता हुनेछौ भन्नुभएपछि तिमी हुनेछौ, तिमी मरे पनि हुनेछौ ।
मलाई थाहा छैन, उहाँले तिमीलाई मृतकबाट जीवित बनाउनुहोला ।
बुबा, जे भए पनि हामीले परमेश्वरको आज्ञा मान्नैपर्छ ।

उत्पत्ति २२:३-९




उत्पत्ति २२:९-१८; हिब्रू ११:१७-१९




उत्पत्ति २१:५, १३, २४:६७, २५:१२-१८, २१-२६, २९:२३-३०